# स्थानीय राजपत्र

**भाग : १, खण्ड : ७, संख्या २२, राजपत्रमा प्रकाशित मिति २०८२।०३।२५**

नगरसभा वैठकवाट स्वीकृती मिति : २०८२।०३।१३

प्रमाणिकरण मिति : २०८२।०३।२०


## दिपायल सिलगढी नगरपालिका, डोटी

दिपायल सिलगढी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२

# दिपायल सिलगढी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२

**प्रस्तावना** : दिपायल सिलगढी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को (२) बमोजिम दिपायल सिलगढी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐन को नाम "दिपायल सिलगढी नगरपालिका को आर्थिक ऐन, २०८२ रहेको छ

(२) यो ऐन, २०८२ साल श्रावण १ गतेदेखि दिपायल सिलगढी नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

२) **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधेयक,

(क) "नगरपालिका" भन्नाले दिपायल सिलगढी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) " ऐन " भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ग) "सभा" भन्नाले दिपायल सिलगढी नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(घ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा कार्यविधीले तोकिए बमोजिमलाई जनाउँछ ।

(ङ) "वडा" भन्नाले वडा समितिको कार्यालयलाई जनाउछ ।

(च) "कर" भन्नाले स्थानीय सरकार सञ्चालन  अनुसार लागेको वा लाग्ने कर सम्झनु पर्छ र यो शब्दले सो करको अतिरिक्त यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम सोमा लाग्ने जरिवाना समेतलाई जनाउँछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले दिपायल सिलगढी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज) "कर निर्धारण" भन्नाले यस विधेयक र अन्य प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिको कर दायित्व निश्चित गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले पुनःकर निर्धारण तथा संशोधित कर निर्धारण समेतलाई जनाउँछ ।

(झ) "करदाता" भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शव्दले कर अधिकृतले करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(ञ) “फर्म” भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएको वा नभएको जुनसुकै फर्म सम्झनुपर्छ ।

३) <u>सम्पत्ति कर</u> : नगरपालिका क्षेत्रभित्र रहेका घर, टहरा तथा भवनहरु र सोले चर्चेको जग्गामा अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाई असुल उपर गरिनेछ। घरको मूल्याङ्कन अनुसूची (२) अनुसार, घरको बनौटको आधारमा ह्रास कट्टी अनुसूची (३) अनुसार र जग्गाको मूल्याङ्कन अनुसूची (४) अनुसार गरिनेछ ।

**स्पष्टीकरण**: “घरले चर्चेको जग्गा” भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गालाई जनाउंदछ।

४) **भूमि कर (मालपोत)**: नगरपालिका क्षेत्रभित्रका सम्पत्ति कर लाग्ने भूमि बाहेकमा अनुसूची (५) बमोजिम भूमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ।

५) **घर बहाल कर**: (१) नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले

बहालमा दिएकोमा अनुसूची (६) बमोजिम बहाल कर लगाई मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक रुपमा असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको लागि बहाल रकमको मूल्यांकन सम्वन्धी व्यवस्था अनुसूची (७) मा उल्लेख भएबमोजिम हुनेछ।

६) **व्यवसाय कर**: नगरपालिका क्षेत्र भित्र उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संघसंस्था वा निकायलाई व्यवसायको प्रक्रिति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीलाई आधार लिई गरिएको बर्गिकरण अनुसार अनुसूची (८) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ।

(२) नगर क्षेत्रभित्र विगत लामो समय देखि पेशा व्यवसाय संचालन भएका तर करको दायरामा नआएका व्यवसायहरुलाई करको दायरामा ल्याउनको लागि विगत दुई आर्थिक वर्षको कर तथा दर्ता शुल्क लिई पेशा व्यवसायको इजाजत दिइनेछ।

(३) उप दफा २ मा उल्लेखित विगत दुई आर्थिक वर्षको कर चालु आ.व. मा उल्लेख भएको दरमा नै असुल गरिनेछ।

७) **जडीबुटी, कवाडी र जीवजन्तु कर**: नगरपालिका क्षेत्रभित्र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका वस्तुको व्यावसायीक कारोवार गरेबापत अनुसूची (९) बमोजिमको कर लगाई असुल उपर गरिनेछ।

८) **तीन पांग्रे सवारी साधनको दर्ता तथा नविकरण शुल्क** : तीन पाग्रे सवारी साधनको दर्ता/नविकरण/दण्ड/जरिवाना अनुसुचि (१०) वमोजिम लिइनेछ।

९) **विज्ञापन कर** : नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (११) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

१०) **प्राकृतिक स्रोत साधन विक्री:** नगपालिकाले आफ्नो क्षेत्रभित्र उपलब्ध हुने प्राकृतिक स्रोतहरु ढुङ्गा, गिटी, बालुवा, चुनढुगां, दहत्तर, बहत्तर आदिमा अनुसूची (१२) बमोजिम न्यूनतम दर कायम गरी विक्री गरिने छ ।

११) **बहाल बिटौरी शुल्क:** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा अनुसूची (१३) अनुसार बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

१२) **पार्किङ शुल्क :** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए

वापत अनुसूची (१४) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३) **सेवा शुल्क :** नगरपालिकाले उपलब्ध गराएका सेवामा अनुसूची (१५) बमोजिम सेवा शुल्क लगाई असुल उपर गरिनेछ ।

१४) **दस्तुर :** नगरपालिकाले उपलब्ध गराएका इजाजत, प्रभाणित तथा सिफारिसमा सेवाग्राहीवाट अनुसूची (१६) बमोजिम दस्तुर लगाई असुल उपर गरिनेछ ।

१५) **सम्पत्ति बहाल:** नगरपालिकाको स्वामित्वमा रहेका भवन तथा मेसिनरी साधनहरुको न्यूनतम भाडा दर अनुसूची (१७) मा उल्लेख भए बमोजिम हुनेछ ।

१६) **दण्ड जरिवाना:** तोकिएको समय भित्र कर तथा शुल्क नबुझाउने तथा नगरपालिका क्षेत्रभित्र निषेध गरिएका कार्यहरु एवं प्रचलित कानुन विपरीतका कार्य गरेमा अनुसूची (१८) बमोजिम जरिवाना गरिनेछ ।

१७) **कर तथा शुल्कमा छुट:** नगरपालिकाले अनुसूची (१९) मा व्यवस्था भए बमोजिम कर तथा शुल्कमा सहुलियत वा छुट दिईनेछ ।

१८) **पुनरावलोकन सम्बन्धी व्यवस्था:** (१) नगरपालिकाले गरेको कर शूल्क महशुल दण्ड जरिवाना सम्बन्धी विषयमा चित्त नबुझेका करदाताले नगरपालिकामा पुनरावलोकनका लागि निवेदन गर्न सक्नेछन । यसरी पुनरावलोकनका लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी पुनरावलोकन समिती गठन गर्नेछ ।

(२) पुनरावलोकनका लागि प्राप्त भएका निवेदन उपर ३५ दिनभित्र पुनरावलोकन समितीले छानविन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनुपर्नेछ ।

१९) **कर फिर्ता सम्बन्धी व्यवस्था:** करदाताले यस विधेयक बमोजिम कर बुझाउदा तिनुपर्ने भन्दा बढी कर दाखिला गरेमा बढी दाखिला भएको रकम फिर्ता माग गर्न सक्ने छ सो व्यहोरा साचो देखिएमा प्रमुख प्रशासकिय अधिकृतले निवेदन परेको एक महिना भित्र रकम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

२०) **अन्य व्यवस्था:** (१) नगरपालिकाका अन्य शाखा तथा वडाहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ । तर, नागरिकताको सिफारिश तथा व्यक्तिगत घटना दर्ता सेवा प्रवाह गर्न भने बाधा पुगेको मानिने छैन ।

(२) अन्य स्थानीय तहमा कानुन बमोजिम दर्ता/नविकरण भएका कम्पनी, फर्म, संघसंस्थाहरुले सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुन नगरपालिकामा पुनः व्यवसाय दर्ता गर्नुपर्ने छैन ।

(३) नगरपालिकाले कर तथा शुल्कहरु संकलनकोलागि अग्रिम सूचना दिन, करको अभिलेख राख्न तथा कर संकलनकोलागि विद्युतिय माध्यमलाई प्रयोगमा ल्याउन सकिनेछ ।

२१) **नियमावली तथा कार्यविधि बनाउन सक्नेः** नगर कार्यपालिकाले यस ऐन मा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी नियमावली तथा कार्यविधिहरु वनाई लागु गर्न सक्नेछ ।

२२) **यसै ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२३) **साबिक बमोजिम हुनेः** यस विधेयक उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साविक बमोजिम नै हुनेछ ।

२४) **बाधा अड्काउ फुकाउः** यस विधेयक को कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा दिपायल सिलगढी नगरपालिका नगर कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

२५) **खारेजी** : साविकमा दिपायल सिलगढी नगरपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐन सँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछन् ।

अनुसूची (१)
दफा ३ सँग सम्बन्धित

## सम्पत्ति करको दर

सम्पत्ति करको दररेट तालिका :

आर्थिक वर्ष २०८२/२०८३ को लागी सम्पत्तिकर रकम निर्धारण तालिका

| संकेत नं. | श्रेणी दर | सम्पत्तिको मुल्य रु भन्दा माथि | मुल्य रु सम्मको लागी | सम्पत्तिक रु देखि | रु सम्म लाग्ने | कर प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५४१ | १ | १ | २,००,०००।०० | ५० | ५० | ० | |
| ५४२ | २ | २,००,००१।०० | ३,००,०००।०० | ६० | ६० | ० | |
| ५४३ | ३ | ३,००,००१।०० | ४,००,०००।०० | ७५ | ७५ | ० | |
| ५४४ | ४ | ४,००,००१।०० | ५,००,०००।०० | १०० | १०० | ० | |
| ५४५ | ५ | ५,००,००१।०० | ६,००,०००।०० | १२५ | १२५ | ० | |
| ५४६ | ६ | ६,००,००१।०० | ७,००,०००।०० | १५० | १५० | ० | |
| ५४७ | ७ | ७,००,००१।०० | ८,००,०००।०० | १७५ | १७५ | ० | |
| ५४८ | ८ | ८,००,००१।०० | ९,००,०००।०० | १९० | १९० | ० | |
| ५४९ | ९ | ९,००,००१।०० | १०,००,०००।०० | २०० | २०० | ० | |
| ५५० | १० | १०,००,००१।०० | १२,००,०००।०० | २५० | २५० | ० | |
| ५५१ | ११ | १२,००,००१।०० | १४,००,०००।०० | ३०० | ३०० | ० | |
| ५५२ | १२ | १४,००,००१।०० | १६,००,०००।०० | ३५० | ३५० | ० | |
| ५५३ | १३ | १६,००,००१।०० | २०,००,०००।०० | ३८० | ३८० | ० | |
| ५५४ | १४ | २०,००,००१।०० | २२,००,०००।०० | ४०० | ४०० | ० | |
| ५५५ | १५ | २२,००,००१।०० | २४,००,०००।०० | ५०० | ५०० | ० | |
| ५५६ | १६ | २४,००,००१।०० | २६,००,०००।०० | ५५० | ५५० | ० | |
| ५५७ | १७ | २६,००,००१।०० | २८,००,०००।०० | ६०० | ६०० | ० | |
| ५५८ | १८ | २८,००,००१।०० | ३०,००,०००।०० | ८०० | ८०० | ० | |
| ५५९ | १९ | ३०,००,००१।०० | ३२,००,०००।०० | १,०००।०० | १,०००।०० | ० | |
| ५६० | २० | ३२,००,००१।०० | ३४,००,०००।०० | १,२००।०० | १,२००।०० | ० | |
| ५६१ | २१ | ३४,००,००१।०० | ३८,००,०००।०० | १,५००।०० | १,५००।०० | ० | |
| ५६२ | २२ | ३८,००,००१।०० | ४२,००,०००।०० | २,०००।०० | २,०००।०० | ० | |
| ५६३ | २३ | ४२,००,००१।०० | ४६,००,०००।०० | २,५००।०० | २,५००।०० | ० | |
| ५६४ | २४ | ४६,००,००१।०० | ५०,००,०००।०० | ३,०००।०० | ३,०००।०० | ० | |
| ५६५ | २५ | ५०,००,००१।०० | ६०,००,०००।०० | ३,५००।०० | ३,५००।०० | ० | |
| ५६६ | २६ | ६०,००,००१।०० | ७०,००,०००।०० | ४,५००।०० | ४,५००।०० | ० | |
| ५६७ | २७ | ७०,००,००१।०० | ८०,००,०००।०० | ६,०००।०० | ६,०००।०० | ० | |
| ५६८ | २८ | ८०,००,००१।०० | ९०,००,०००।०० | ८,०००।०० | ८,०००।०० | ० | |
| ५६९ | २९ | ९०,००,००१।०० | १,००,००,०००।०० | १०,०००।०० | १०,०००।०० | ० | |
| ५७० | ३० | १,००,००,००१।०० | १,२०,००,०००।०० | १२,०००।०० | १२,०००।०० | ० | |
| ५७१ | ३१ | १,२०,००,००१।०० | १,६०,००,०००।०० | १६,०००।०० | १६,०००।०० | ० | |
| ५७२ | ३२ | १,६०,००,००१।०० | २,००,००,०००।०० | २०,०००।०० | २०,०००।०० | ० | |
| ५७३ | ३३ | २,००,००,००१।०० | २,२०,००,०००।०० | २५,०००।०० | २५,०००।०० | ० | |
| ५७४ | ३४ | २,२०,००,००१।०० | ३,२०,००,०००।०० | ४०,०००।०० | ४०,०००।०० | ० | |
| ५७५ | ३५ | ३,२०,००,००१।०० | ४,००,००,०००।०० | ५०,०००।०० | ५०,०००।०० | ० | |
| ५७६ | ३६ | ४,००,००,००१।०० | ५,००,००,०००।०० | ६०,०००।०० | ६०,०००।०० | ० | |
| ५७७ | ३७ | ५,००,००,००१।०० | ० | ० | ० | ०।२ | |

**थप व्यवस्थाः**

१. सम्पत्तिकर र भूमिकर (मालपोत) लागु हुनु भन्दा अगाडी लगाईएका घरजग्गा कर, एकीकृत सम्पत्ति कर लगायत अन्य खारेज भएका कर तथा शुल्कको बक्यौताको हकमा साविककै व्यवस्था अनुसार कर लाग्नेछ ।

२. सम्पत्ति करकोलागि भवनको क्षेत्रफल कायम गर्दा स्वीकृत नक्शा र निर्माण भएको भवनको क्षेत्रफलमा फरक भएमा निर्माण भएको भवनको क्षेत्रफललाई आधार मानिनेछ । कर तिरेको प्रमाण अन्य कुनै प्रयोजनमा दावि लाग्ने छैन ।

३. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार, कुटनैतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी संचालन हुने संघसंस्थाको सम्पत्तिमा यस ऐन बमोजिम कर लिइने छैन । तर लाभको उद्देश्य नराखी संचालन हुने संघसंस्थाहरुलाई भूमिकर (मालपोत) भने छुट हुने छैन ।

४. प्रचलित नेपाल कानून बमोजिम सम्पत्ति कर छुट हुने व्यक्ति वा निकायको जग्गामा व्यावसायीक प्रयोजनका लागि भवन निर्माण गरी उपयोग गरेको भए उक्त भवनको मूल्यांकनको आधारमा घरको उपभोग गर्ने व्यक्ति वा संस्थालाई सम्पत्ति कर लगाई असुल उपर गरिनेछ ।

## अनुसूची (२)
## दफा ३ सँग सम्बन्धित

### घरको मूल्यांकन दर

| घरको बनौट | मूल्यांकन दर प्रति बर्ग फूट रु |
|---|---|
| आर सि.सि. छाना भएको पिल्लर सहितको घर | १७१० |
| सिमेन्टको जोडाईमा ईटा वा ढुङ्गा को वाल भएको आर सि.सि. छाना भएको | १५८० |
| सिमेन्टको जोडाई भएको ईटाको वाल भएको पत्थर वा टीनको छाना भएको | १३५० |
| ढुङ्गा को वाल भएको पत्थर वा टिनको छाना भएको | १२०० |
| ढुङ्गा को वाल भएको कच्ची छाना भएको वा टिनको कटेरो | ७०० |

## अनुसूची (३)
## दफा ३ सँग सम्बन्धित
### घरको ह्रासकट्टी दर

| क.सं | घरको बनौट | प्रति वर्ष ह्रास कट्टी दर | ह्रासकट्टी गर्ने जम्मा वर्ष |
|---|---|---|---|
| १ | आर सि.सि. छाना भएको पिल्लर सहितको घर | ०।७५ प्रतिशत | १०० बर्ष |
| २ | सिमेन्टको जोडाईमा ईटा वा ढुङ्गा को वाल भएको आर सि.सि. छाना भएको | १ प्रतिशत | ७० बर्ष |
| ३ | सिमेन्टको जोडाई भएको ईटाको वाल भएको पत्थर वा टीनको छाना भएको | २ प्रतिशत | ३५ बर्ष |
| ४ | ढुङ्गा को वाल भएको पत्थर वा टिनको छाना भएको | ३ प्रतिशत | २५ बर्ष |
| ५ | ढुङ्गा को वाल भएको कच्ची छाना भएको वा टिनको कटेरो | ५ प्रतिशत | १५ बर्ष |

अनुसूची (४)
दफा ३ सँग सम्बन्धित
<u>जग्गाको मूल्यांकन दर</u>

<u>क. खेत तर्फ</u> :

| समूह | उपसमूह | साविक दिपायल सिलगढी वडा नं. | हालको वडा नं. | जग्गाको मुल्याकंन दर प्रति रोपनि रु |
|---|---|---|---|---|
| कृषि | खेत तर्फ अवल | वडा नं १ देखि ३ सम्म | ६ नं. | १३५००० |
| कृषि | दोयम | वडा नं १ देखि ३ सम्म | ६ नं. | १२५००० |
| कृषि | सिम | वडा नं १ देखि ३ सम्म | ६ नं. | ११९००० |
| कृषि | चाहार | वडा नं १ देखि ३ सम्म | ६ नं. | ११७००० |
| कृषि | खेत तर्फ अवल | वडा नं ४ | ५ नं. | १३५००० |
| कृषि | दोयम | वडा नं ४ | ५ नं. | १२५००० |
| कृषि | सिम | वडा नं ४ | ५ नं. | ११९००० |
| कृषि | चाहार | वडा नं ४ | ५ नं. | ११७००० |
| कृषि | खेत तर्फ अवल | वडा नं ५ र ६ | ५ नं. | १०७००० |
| कृषि | दोयम | वडा नं ५ र ६ | ५ नं. | १०२००० |
| कृषि | सिम | वडा नं ५ र ६ | ५ नं. | ९८००० |
| कृषि | चाहार | वडा नं ५ र ६ | ५ नं. | ९६००० |
| कृषि | खेत तर्फ:अवल | वडा न. ७ | ४ नं. | ३३५००० |
| कृषि | दोयम | वडा न. ७ | ४ नं. | ३२५००० |
| कृषि | सिम | वडा न. ७ | ४ नं. | ३२०००० |
| कृषि | चाहार | वडा न. ७ | ४ नं. | ३१५००० |
| कृषि | खेत तर्फ:अवल | वडा न. ८ | ३ नं. | १३०००० |
| कृषि | दोयम | वडा न. ८ | ३ नं. | १२५००० |
| कृषि | सिम | वडा न. ८ | ३ नं. | १२०००० |
| कृषि | चाहार | वडा न. ८ | ३ नं. | ११५००० |
| कृषि | खेत तर्फ:अवल | वडा नं ९ र १० | २ नं. | ३३५००० |
| कृषि | दोयम | वडा नं ९ र १० | २ नं. | ३२५००० |
| कृषि | सिम | वडा नं ९ र १० | २ नं. | ३२०००० |
| कृषि | चाहार | वडा नं ९ र १० | २ नं. | ३१५००० |
| कृषि | खेत तर्फ:अवल | वडा नं ११ र १२ | १ नं. | १३८००० |
| कृषि | दोयम | वडा नं ११ र १२ | १ नं. | १३४००० |
| कृषि | सिम | वडा नं ११ र १२ | १ नं. | १३०००० |
| कृषि | चाहार | वडा नं ११ र १२ | १ नं. | १२५००० |
| कृषि | खेत तर्फ:अवल | वडा न.१३ र १४ | ७ नं. | १००००० |
| कृषि | दोयम | वडा न.१३ र १४ | ७ नं. | ९५००० |
| कृषि | सिम | वडा न.१३ र १४ | ७ नं. | ९०००० |
| कृषि | चाहार | वडा न.१३ र १४ | ७ नं. | ८५००० |

<u>ख. पाखो तर्फ</u> :

| समूह | उपसमूह | साविक दिपायल सिलगढी वडा नं. | हालको वडा नं. | जग्गाको मुल्याकंन दर प्रति रोपनि रु |
|---|---|---|---|---|
| पाखो | पाखो तर्फ अवल | वडा नं १ देखि ३ | ६ नं. | १२५००० |
| पाखो | दोयम | वडा नं १ देखि ३ | ६ नं. | ११९००० |
| पाखो | सिम | वडा नं १ देखि ३ | ६ नं. | ११७००० |
| पाखो | चाहार | वडा नं १ देखि ३ | ६ नं. | ११४००० |
| पाखो | पाखो तर्फ:अवल | वडा नं ४ | ५ नं. | १२५००० |
| पाखो | दोयम | वडा नं ४ | ५ नं. | ११९००० |

| | | | | |
|---|---|---|---|---|
| पाखो | सिम | वडा नं ४ | ५ नं. | ११७००० |
| पाखो | चाहार | वडा नं ४ | ५ नं. | ११४००० |
| पाखो | पाखो तर्फःअवल | वडा नं ५ र ६ | ५ नं. | १०२००० |
| पाखो | दोयम | वडा नं ५ र ६ | ५ नं. | ९८००० |
| पाखो | सिम | वडा नं ५ र ६ | ५ नं. | ९५००० |
| पाखो | चाहार | वडा नं ५ र ६ | ५ नं. | ९०००० |
| पाखो | पाखो तर्फःअवल | वडा न. ७ | ४ नं. | ३२५००० |
| पाखो | दोयम | वडा न. ७ | ४ नं. | ३२०००० |
| पाखो | सिम | वडा न. ७ | ४ नं. | ३१५००० |
| पाखो | चाहार | वडा न. ७ | ४ नं. | ३१०००० |
| पाखो | पाखो तर्फःअवल | वडा न. ८ | ३ नं. | १२०००० |
| पाखो | दोयम | वडा न. ८ | ३ नं. | ११५००० |
| पाखो | सिम | वडा न. ८ | ३ नं. | १०८००० |
| पाखो | चाहार | वडा न. ८ | ३ नं. | १०३००० |
| पाखो | पाखो तर्फःअवल | वडा नं ९ र १० | २ नं. | ३२५००० |
| पाखो | दोयम | वडा नं ९ र १० | २ नं. | ३२०००० |
| पाखो | सिम | वडा नं ९ र १० | २ नं. | ३१५००० |
| पाखो | चाहार | वडा नं ९ र १० | २ नं. | ३१०००० |
| पाखो | पाखो तर्फःअवल | वडा नं ११ र १२ | १ नं. | ११८००० |
| पाखो | दोयम | वडा नं ११ र १२ | १ नं. | १०५००० |
| पाखो | सिम | वडा नं ११ र १२ | १ नं. | १००००० |
| पाखो | चाहार | वडा नं ११ र १२ | १ नं. | ९९००० |
| पाखो | पाखो तर्फःअवल | वडा न.१३ र १४ | ७ नं. | ९०००० |
| पाखो | दोयम | वडा न.१३ र १४ | ७ नं. | ८६००० |
| पाखो | सिम | वडा न.१३ र १४ | ७ नं. | ८२००० |
| पाखो | चाहार | वडा न.१३ र १४ | ७ नं. | ८०००० |

ग. साविकका गा.वि.स.तर्फ :

| सि. नं. | साविक गा.वि.स. वडा नं. | हाल दि.सि.न.पा. वडा नं. | खेत तर्फ : प्रति रोपनी रु. हजारमा | | | | पाखो तर्फ : प्रति रोपनी रु. हजारमा | | | | सडकको दायाँबायाँ ३० मिटर भित्रसम्मः प्रति रोपनी रु. हजारमा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अवल | दोयम | सिम | चाहार | अवल | दोयम | सिम | चाहार | ग्रावेल | कच्ची | गोरेटो र घोरेटो |
| १ | कलेना १-९ | ९ | ५४ | ५१ | ४९ | ४७ | ५१ | ४९ | ४७ | ४६ | १५० | १३५ | ११० |
| २ | लडागाडा १,२,४-९ | ८ | ७० | ६५ | ६० | ५८ | ६० | ५८ | ५५ | ५२ | १८५ | १३५ | ११० |
| ३ | खातीवडा ४,५,६ | २ | ७९ | ७५ | ७० | ६८ | ७० | ६८ | ६५ | ६४ | १६० | १३५ | ११० |
| ४ | बगलेक ८,९ | ९ | ४६ | ४३ | ४२ | ४१ | ४३ | ४१ | ३८ | ३५ | १२० | ११० | ८५ |
| ५ | लडागडा ३ | ७ | ७० | ६५ | ६० | ५८ | ६० | ५८ | ५५ | ५२ | १८५ | १३५ | ११० |

## घ. ब्यापारीक क्षेत्र तर्फ दिपायल सिलगढी नगरपालिका :

| समूह | साविक वडा | वडा | क्षेत्र | मूल्यांकन दर प्रति आना रु |
|---|---|---|---|---|
| ब्यापारीक क्षेत्र | वडा नं. ८ | वडानं. ३ | हली खोला देखीगोदारे खोला सम्म अन्य भित्री सडकको दाया वाया प्रति आना | ४५ हजार |
| ब्यापारीक क्षेत्र | वडा नं.८ | वडा नं.३ | गोदरे खोला देखी खैरतोला खोल्चि सम्म अन्य भित्री सडकको दाया वाया प्रति रोपनी | ४ लाख ५० हजार |
| ब्यापारीक क्षेत्र | वडा नं.८ | वडा नं.३ | अन्य भित्री सडकको दाया वाया प्रति रोपनी | २ लाख |
| ब्यापारीक क्षेत्र | वडा नं.८ | वडा नं.३ | गोरेटो, घोरेटो प्रति रोपनी | १ लाख ५० हजार |
| | वडा नं.९ | वडा नं.३ | एयरपोर्ट देखी खैरतोला पिपल जाने सडकको दाया वाया प्रति आना | १लाख ५६ हजार २ सय ५० |
| ब्यापारीक क्षेत्र | वडा नं.९ | वडा नं.३ | कच्ची सडक  दाया वाया प्रति आना | ५० हजार |
| ब्यापारीक क्षेत्र | वडा नं.९ | वडा नं. ३ | अन्य पिच सडकको दाया वाया प्रति आना | १ लाख |
| ब्यापारीक क्षेत्र | वडा नं.९ | वडा नं. ३ | गोरेटो घोरेटो प्रति आना | २५ हजार |
| ब्यापारीक क्षेत्र | वडा नं.९ | वडा नं. ३ | ग्रावेल सडकको  दाया वाया प्रति आना | ७० हजार |
| | वडा नं.११ र १२ | वडा नं. १ | सडकको दाया वाया प्रति रोपनी | २ लाख ५० हजार |
| ब्यापारीक क्षेत्र | वडा नं.११ र १२ | वडा नं. १ | मेल्लेख सडकको दाया वाया प्रति आना | १ लाख |
| ब्यापारीक क्ष | वडा नं.११ र १२ | वडा नं. १ | गोरेटो घोरेटो प्रति रोपनी | १लाख २५हजार |
| ब्यापारीक क्ष | वडा नं. १० | वडा नं.२ | सेति नदीको पुल देखी एरपोर्ट जाने सडकको दाया वाया प्रति आना | १लाख ५६ हजार २ सय ५० |
| ब्यापारीक क्ष | वडा नं. १० | वडा नं.२ | कच्ची सडक  दाया वाया प्रति आना | ४५ हजार |
| ब्यापारीक क्ष | वडा नं. १० | वडा नं.२ | अन्य पिच सडकको दाया वाया प्रति आना | १ लाख |
| ब्यापारीक क्ष | वडा नं. १० | वडा नं.२ | गोरेटो घोरेटो प्रति आना | २५ हजार |
| ब्यापारीक क्ष | वडा नं. १० | वडा नं.२ | ग्रवेल सडकको  दाया वाया प्रति आना | ७० हजार |
| ब्यापारीक क्ष | वडा नं. १र ३ | वडा नं. ६ | राजमार्ग दाया वाया ३० मिटर भित्र पर्ने प्रति आना | ३ लाख |
| ब्यापारीक क्ष | वडा नं. १र ३ | वडा नं. ६ | बजार लाइन प्रति आना | २ लाख |
| ब्यापारीक क्ष | वडा नं. १र ३ | वडा नं. ६ | पिच सडक प्रति आना | १लाख ५०हजार |
| ब्यापारीक क्ष | वडा नं. १र ३ | वडा नं. ६ | ग्रवेल सडक प्रति आना | १ लाख |
| ब्यापारीक क्ष | वडा नं. १र ३ | वडा नं. ६ | कच्ची सडक प्रति आना | ७५ हजार |
| ब्यापारीक क्ष | वडा नं. १र ३ | वडा नं. ६ | गोरेटो घोरेटो प्रति आना | ५० हजार |
| ब्यापारीक क्ष | वडा नं. १३र १४ | वडा नं. ७ | राजमार्ग दाया वाया रोपनी | ४लाख ५०हजार |

| | | | | |
|---|---|---|---|---|
| ब्यापारीक क्ष | वडा नं. १३र १४ | वडा नं. ७ | ग्रवेल सडकको दाया वाया प्रति रोपनी | ३ लाख |
| ब्यापारीक क्ष | वडा नं. १३र १४ | वडा नं. ७ | गोरेटो घोरेटो प्रति आना | १लाख ७५हजार |
| ब्यापारीक क्ष | वडा नं. १३र १४ | वडा नं. ७ | अन्य भित्रि सडकको दाया वाया | २लाख ५० हजार |

| समूह | साविक वडा | वडा | क्षेत्र | मूल्यांकन दर प्रति आना रु |
|---|---|---|---|---|
| ब्यापारीक क्षेत्र | वडा न.७ | वडा न.४ | कुलपाते देखि राजपुर सम्म | २ लाख |
| ब्यापारीक क्षेत्र | वडा न.७ | वडा न.४ | गोरेटो घोरेटो को दाया वाया | ६० हजार |
| ब्यापारीक क्षेत्र | वडा न.७ | वडा न.४ | ग्रावेल सडकको दाया वाया | १ लाख ५० हजार |
| ब्यापारीक क्षेत्र | वडा न.७ | वडा न.४ | बेड्रेसखोला खोल्सी देखि कुलपाते हुदै समुहगाड राजमार्ग सम्म सडकको दाया बाया ३० मिटर भित्र पर्ने | २ लाख |
| ब्यापारीक क्षेत्र | वडा न.७ | वडा न.४ | अन्य भित्रि पिज सडकको दाया बाया | १लाख ८० हजार |
| ब्यापारीक क्षेत्र | वडा न.७ | वडा न.४ | कच्ची सडकको दाया वाया | १ लाख २५ हजार |
| ब्यापारीक क्षेत्र | वडा न.७ | वडा न.४ | सेति नदीको पुल देखि बेडुसखोला खोल्सी देखि राजमार्ग सम्म दाया बाया ३० मिटर भित्र पर्ने | ५लाख ५० हजार |
| ब्यापारीक क्षेत्र | वडा नं.४ | वडा नं.५ | ३०मिटर भित्र पर्ने प्रति आना | २ लाख ५० हजार |
| ब्यापारीक क्षेत्र | वडा नं.४ | वडा नं.५ | बजार लाइन प्रति आना | २ लाख |
| ब्यापारीक क्षेत्र | वडा नं.४ | वडा नं.५ | पिच सडक प्रति आना | १ लाख ७५हजार |
| ब्यापारीक क्षेत्र | वडा नं.४ | वडा नं.५ | ग्राबेल सडक प्रति आना | १ लाख |
| ब्यापारीक क्षेत्र | वडा नं.४ | वडा नं.५ | कच्ची सडक प्रति आना | ७५ हजार |
| ब्यापारीक क्षेत्र | वडा नं.४ | वडा नं. ५ | गोरेटो, घोरेटो प्रति आना | ४० हजार |
| ब्यापारीक क्षेत्र | ५ देखि ६ | वडा नं. ५ | ३० मीटर भित्र पर्ने रोपनी | ४लाख ५० हजार |
| ब्यापारीक क्षेत्र | ५ देखि ६ | वडा नं. ५ | कच्चि सडक रोपनी | २ लाख ५० हजार |
| ब्यापारीक क्षेत्र | ५ देखि ६ | वडा नं. ५ | गोरेटो घोरेटो रोपनी | १ लाख ७५हजार |
| | | | | |

अनुसूची (५)
दफा ४ सँग सम्बन्धित

## भूमिकर (मालपोत) को दर

नगरपालिकाले लिने मालपोतको दर अनुसूची ४ बमोजिमको जग्गाको मूल्यांकनको आधारमा निम्न अनुसार कायम गरिएको छ ।

भुमिकरको दररेट तालिका :

आर्थिक वर्ष २०८२/२०८३ को लागी भूमिक रकम निर्धारण तालिका

| संकेत न | दर श्रेणी | मुल्य रु भन्दा माथि | मुल्य रु सम्मको लागी | रु देखि | रु सम्म लाग्ने | कर प्रतिशत | टिप्पनी र कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५४१ | १ | ० | २,००,०००।०० | ५० | ५० | ० | |
| ५४२ | २ | २,००,००१।०० | ३,००,०००।०० | ६० | ६० | ० | |
| ५४३ | ३ | ३,००,००१।०० | ४,००,०००।०० | ७५ | ७५ | ० | |
| ५४४ | ४ | ४,००,००१।०० | ५,००,०००।०० | १०० | १०० | ० | |
| ५४५ | ५ | ५,००,००१।०० | ६,००,०००।०० | १२५ | १२५ | ० | |
| ५४६ | ६ | ६,००,००१।०० | ७,००,०००।०० | १५० | १५० | ० | |
| ५४७ | ७ | ७,००,००१।०० | ८,००,०००।०० | १७५ | १७५ | ० | |
| ५४८ | ८ | ८,००,००१।०० | ९,००,०००।०० | १९० | १९० | ० | |
| ५४९ | ९ | ९,००,००१।०० | १०,००,०००।०० | २०० | २०० | ० | |
| ५५० | १० | १०,००,००१।०० | १२,००,०००।०० | २५० | २५० | ० | |
| ५५१ | ११ | १२,००,००१।०० | १४,००,०००।०० | ३०० | ३०० | ० | |
| ५५२ | १२ | १४,००,००१।०० | १६,००,०००।०० | ३५० | ३५० | ० | |
| ५५३ | १३ | १६,००,००१।०० | २०,००,०००।०० | ३८० | ३८० | ० | |
| ५५४ | १४ | २०,००,००१।०० | २२,००,०००।०० | ४०० | ४०० | ० | |
| ५५५ | १५ | २२,००,००१।०० | २४,००,०००।०० | ५०० | ५०० | ० | |
| ५५६ | १६ | २४,००,००१।०० | २६,००,०००।०० | ५५० | ५५० | ० | |
| ५५७ | १७ | २६,००,००१।०० | २८,००,०००।०० | ६०० | ६०० | ० | |
| ५५८ | १८ | २८,००,००१।०० | ३०,००,०००।०० | ८०० | ८०० | ० | |
| ५५९ | १९ | ३०,००,००१।०० | ३२,००,०००।०० | १,०००।०० | १,०००।०० | ० | |
| ५६० | २० | ३२,००,००१।०० | ३४,००,०००।०० | १,२००।०० | १,२००।०० | ० | |
| ५६१ | २१ | ३४,००,००१।०० | ३८,००,०००।०० | १,५००।०० | १,५००।०० | ० | |
| ५६२ | २२ | ३८,००,००१।०० | ४२,००,०००।०० | २,०००।०० | २,०००।०० | ० | |
| ५६३ | २३ | ४२,००,००१।०० | ४६,००,०००।०० | २,५००।०० | २,५००।०० | ० | |
| ५६४ | २४ | ४६,००,००१।०० | ५०,००,०००।०० | ३,०००।०० | ३,०००।०० | ० | |
| ५६५ | २५ | ५०,००,००१।०० | ६०,००,०००।०० | ३,५००।०० | ३,५००।०० | ० | |
| ५६६ | २६ | ६०,००,००१।०० | ७०,००,०००।०० | ४,५००।०० | ४,५००।०० | ० | |
| ५६७ | २७ | ७०,००,००१।०० | ८०,००,०००।०० | ६,०००।०० | ६,०००।०० | ० | |
| ५६८ | २८ | ८०,००,००१।०० | ९०,००,०००।०० | ८,०००।०० | ८,०००।०० | ० | |
| ५६९ | २९ | ९०,००,००१।०० | १,००,००,०००।०० | १०,०००।०० | १०,०००।०० | ० | |
| ५७० | ३० | १,००,००,००१।०० | १,२०,००,०००।०० | १२,०००।०० | १२,०००।०० | ० | |
| ५७१ | ३१ | १,२०,००,००१।०० | १,६०,००,०००।०० | १६,०००।०० | १६,०००।०० | ० | |
| ५७२ | ३२ | १,६०,००,००१।०० | २,००,००,०००।०० | २०,०००।०० | २०,०००।०० | ० | |
| ५७३ | ३३ | २,००,००,००१।०० | २,२०,००,०००।०० | २५,०००।०० | २५,०००।०० | ० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५७४ | ३४ | २,२०,००,००१।०० | ३,२०,००,०००।०० | ४०,०००।०० | ४०,०००।०० | ० | |
| ५७५ | ३५ | ३,२०,००,००१।०० | ४,००,००,०००।०० | ५०,०००।०० | ५०,०००।०० | ० | |
| ५७६ | ३६ | ४,००,००,००१।०० | ५,००,००,०००।०० | ६०,०००।०० | ६०,०००।०० | ० | |
| ५७७ | ३७ | ५,००,००,००१।०० | ० | ० | ० | ०।२ | |

## अनुसूची (६)
## दफा ५ सँग सम्बन्धित

### बहाल करको दर

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी वा अन्य सम्पत्ति पुरै वा आशिंक तबरले बहाल दिएकोमा निम्न अनुसार बहाल कर असुल उपर गरिनेछ :

१. संगठित संघ संस्था, कम्पनी, कार्यालय तथा व्यवसायलाई बहालमा दिएमा बहाल अंकको १० प्रतिशतका दरले,

२. घरायसी प्रयोजनमा बहालमा दिएमा बहाल अंकको ५ प्रतिशतका दरले ।

## अनुसूची (७)
## दफा ५ सँग सम्बन्धित

### घरजग्गा बहाल करको लागि न्यनतम मूल्यांकन दर

बहाल कर निर्धारणको लागि बहाल अंकको मूल्यांकन निम्न अनुसार हुनेछः

| क्र.सं. | क्षेत्र | घरायसी प्रयोजन रु | व्यवसायीक प्रयोजन रु |
|---|---|---|---|
| १ | **व्यापारिक क्षेत्रमा रहेका सटर तथा कोठाहरु** | | |
| | अ. प्रति महिना प्रति सटर । | २००० | ३००० |
| | आ. प्रति महिना प्रति कोठा । | १००० | २००० |
| २ | **अन्य क्षेत्रमा रहेका सटर तथा कोठाहरु** | | |
| | अ. प्रति सटर प्रति महिना । | १००० | २००० |
| | आ. प्रति महिना प्रति कोठा । | ५०० | १००० |

१. लेखा परीक्षण गराई कर दाखिला गर्ने दायित्व भएका संगठित संस्था, कम्पनी तथा कार्यालयहरुलाई दिएको वहाल रकमको निर्धारण धरधनीले निजहरुसंग गरेको संझौता बमोजिम हुनेछ ।

२. घरधनीले बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्ध वार्षिक वा वार्षिक रुपमा बहाल कर बुझाउनु पर्नेछ ।

३. करदाताले उपलब्ध नगरपालिकालाई स्वघोषणा गरी उपलब्ध गराएको विवरणको आधार तथा वा वहाल संझौतामा उल्लेख भए बमोजिम वहाल रकम निर्धारण गरी बहाल कर असुल हुनेछ । तर, नगरपालिकाले तोकेको न्यूनतम मासिक वहाल दर भन्दा कम रकम उल्लेख भएको अवस्थामा नगरपालिकाले तोकेको न्यूनतम मासिक वहाल दर अनुसार मूल्यांकन गरी बहाल कर असुल गरिने छ ।

## अनुसूची (८)
## दफा ६ सँग सम्बन्धित
## व्यवसाय करको दर

व्यवसाय करको वार्षिक दर निम्न अनुसार हुनेछः

| सि. नं. | व्यवसायको विवरण | करको दर रु. |
|---|---|---|
| १ | **खूद्रा तथा थोक किराना पसल** | |
| क | श्रेणी क | ४००० |
| ख | श्रेणी ख | ३००० |
| ग | श्रेणी ग | २००० |
| घ | श्रेणी घ | १५०० |
| २ | **औषधि पसल एलोपेथिक** | |
| क | औषधि थोक तथा खूद्रा विक्रि गर्ने क श्रेणीलाई | ३५०० |
| ख | औषधि थोक तथा खूद्रा विक्रि गर्ने ख श्रेणीलाई | २००० |
| ग | औषधि खुद्रा विक्रि गर्ने | १००० |
| घ | सर्जिकल सामान बिक्री | १००० |
| ३ | **औषधि पसल आर्युवेदिक** | |
| क | औषधि थोक तथा खूद्रा विक्रि गर्ने क श्रेणीलाई | १००० |
| ख | औषधि थोक तथा खूद्रा विक्रि गर्ने ख श्रेणीलाई | ७५० |
| ४ | **औषधि पसल एग्रोभेट** | |
| क | सप्लायर्स | १५०० |
| ख | खूद्रा बिक्री | १००० |
| ग | मेडिकल हल | २००० |
| ५ | **स्वास्थ्य तथा क्लिनिक तर्फ** | |
| क | गैर सरकारी अस्पताल | ५००० |
| ख | नर्सिङ्ग होम | २००० |
| ६ | **चश्मा पसल** | १५०० |
| ७ | **सिलाई पसल** | |
| क | श्रेणी क लाई | १००० |
| ख | श्रेणी ख लाई | ५०० |
| ८ | **सैलुन तथा व्युटि पार्लर** | १००० |
| ९ | **ईलेक्ट्रोनिक पसल** | |
| क | कम्प्युटर सहित पार्टस विक्रि तथा मर्मत | २५०० |
| ख | टि.भि.रेडियो, घटी, डेक, टेलिफोन, मोवाईल, विक्रि तथा मर्मत | २००० |
| ग | अडियो, भिडियो क्यासेट विक्रि तथा मर्मत | ७५० |

| सि. नं. | व्यवसायको विवरण | करको दर रु. |
|---|---|---|
| १० | **मादक पदार्थ नयां ईजाजतको लागि** | |
| क | थोक तथा होलसेल बिक्रि (क वर्ग) | १३००० |
| ख | थोक विक्रेता (ख वर्ग) | ७००० |
| ग | खूद्रा विक्रेता (ग वर्ग) | ५००० |
| ११ | **मादक पदार्थ नविकरण** | |
| क | थोक तथा होलसेल वितरक(क वर्ग) | ८००० |
| ख | थोक विक्रेता (ख वर्ग) | ५००० |
| ग | खूद्रा विक्रेता (ग वर्ग) | ३००० |
| १२ | **कलर ल्याव तथा फोटो स्टुडियो** | |
| क | डिजिटल कलर ल्याव, फल्यास प्रिन्ट | १५०० |
| ख | कलर ल्याव तथा फोटो स्टुडियो | १००० |
| १३ | **भाडा पसल** | |
| क | श्रेणी क लाई | ५००० |
| ख | श्रेणी ख लाई | ३००० |
| १४ | **पेट्रोल, डिजल पम्प** | ५००० |
| १५ | **ग्यास सिलिण्डर विक्रि** | २००० |
| १६ | **गाडि मर्मत** | |
| क | जिप तथा साना गाडीहरु मर्मत | २२०० |
| ख | सबै किसिमका ठुलागाडीहरु मर्मत | ३००० |
| ग | टायर मर्मत तथा हावा हाल्ने | ७५० |
| १७ | **मोटरसाईकल मर्मत** | |
| क | श्रेणी क लाई (मर्मत तथा पार्टस बिक्री) | २००० |
| ख | श्रेणी ख लाई | १५०० |
| १८ | **गाडि तथा मोटरसाईकल सोरुम (सबै किसिमको)** | |
| क | गाडि सोरुम (सकै किसिमको) | १०००० |
| ख | मोटर साईकल सोरुम (सबै किसिमको) | ३००० |
| १९ | **लेखा परीक्षक** | |
| क | श्रेणी क लाई | १००० |
| ख | श्रेणी ख लाई | ७५०० |
| ग | श्रेणी ग लाई | ५०० |
| घ | श्रेणी घ लाई | ३०० |
| २० | **वैंक तथा विकास संस्थाहरु** | |
| क | मुख्य कार्यालय | ७५०० |

| सि. नं. | व्यवसायको विवरण | करको दर रु. |
|---|---|---|
